स्थानीय सरकार

# धुर्कोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बर्वोट, गुल्मी

प.सं.२०८२/०८३

च.नं.

लुम्बिनी प्रदेश, नेपाल

मिति:२०८२/११/२७

विषय: न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/११/१४ गतेको पत्रानुसार "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन ) निर्देशिका, २०८२" अनुसार नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम आ.व २०८३/०८४ का लागि १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका विपन्न व्यक्ति वा न्यून आय भएका साथै स्वरोजगारमा समेत संलग्न नभएका बेरोजगार व्यक्तिले न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुनका लागि **२०८२ चैत्र मसान्त भित्र** आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई रोजगारीका लागि आवेदन फारम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय र धुर्कोट गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.np मा उपलब्ध रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**निवेदनका साथ आवश्यक पर्ने कागजातहरु:-**

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
२. निवेदकको पासपोर्ट साइजको फोटो – १ प्रति
३. परिवारका सदस्यहरुको जन्म मिति, नागरिकता नं., नागरिकता जारी मिति, नागरिकता नभएकाको परिवारको सदस्य बालबालिकाको जन्म मिति अनिवार्य उल्लेख हुनुपर्नेछ ।
४. निवेदक सोहि वडाको स्थायी बासिन्दा हुनुपर्नेछ भने अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
५. निवेदकसँग तालिम वा अनुभव सम्बन्धी प्रमाणपत्र भएमा सो को प्रतिलिपि – १ प्रति
६. वैदेशिक रोजगारी बाट फर्किएका वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट नम्बर र भएमा सीपको विवरण उल्लेख गर्नुपर्नेछ ।

११।२६.

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत